10.08.2026

यो आकाशवाणी हो

समाचार विनोद अधिकारीबाट सुन्नुहोस

प्रमुख समाचार

- संसद द्वारा 'बैंकर्स बुक्स एभिडेन्स बिल, २०२६' पारित
- लोक सभाद्वारा 'न्यायाधिकरण सुधार विधेयक २०२६' बिना छलफल पारित
- विद्यार्थी आन्दोलनबारे संसद्मा विस्तृत छलफल गर्न सरकार तत्पर रहेको संसदीय कार्य मंत्री किरेन रिजिजुको भनाइ
- ४)झारखण्डमा परीक्षा धाँधलीविरुद्ध विद्यार्थी आन्दोलन चर्कियो विद्यार्थी द्वारा आज विधानसभा घेराउको प्रयास

संसद द्वारा 'बैंकर्स बुक्स एभिडेन्स बिल, २०२६' पारित

राज्यसभाले आज स्वीकृति दिएसँगै 'बैंकर्स बुक्स एभिडेन्स बिल, २०२६' संसद्बाट पूर्ण रूपमा पारित भएको छ। यो विधेयक लोकसभाबाट पहिले नै पारित भइसकेको थियो।

केन्द्रीय अर्थमन्त्री निर्मला सीतारमणले आधुनिक बैंकिङ प्रणालीका आवश्यकताहरू पूरा गर्न र कानुनी ढाँचालाई अद्यावधिक बनाउन यो विधेयक सदनमा प्रस्तुत गर्नुभएको हो। विधेयकले बैंकिङ अभिलेखसम्बन्धी कानुनी व्यवस्थालाई समसामयिक डिजिटल बैंकिङ अभ्यासहरूसँग आबद्ध गर्ने लक्ष्य राखेको छ। यसमा बैंकिङ अभिलेखको इलेक्ट्रोनिक वा डिजिटल रेकर्डलाई कानुनी प्रमाणका रूपमा मान्यता दिंदै, लागू गर्ने स्पष्ट प्रावधान राखिएको छ।

विधेयकमाथिको छलफलको जवाफ दिँदै अर्थमन्त्री सीतारमणले यसलाई एक अत्यन्तै सुधारवादी कदमका रूपमा वर्णन गर्नुभयो जसले देशलाई तीव्र गतिमा अघि बढ्न मद्दत पुर्याउनेछ।

Nirmala Sitaraman (0.30)

लोक सभाद्वारा 'न्यायाधिकरण सुधार विधेयक २०२६' पारित

विपक्षी दलहरूको निरन्तरको नाराबाजी र अवरोधका बीच लोकसभाले 'न्यायाधिकरण सुधार विधेयक, २०२६' बिना कुनै छलफल पारित गरेको छ। अपराह्न २ बजे दोस्रो पटक स्थगित भएपछि सदन पुनः सुरु हुँदा कानुन तथा न्याय राज्यमन्त्री अर्जुन राम मेघवालले विपक्षीको विरोधका बीच उक्त विधेयक प्रस्तुत गरेका थिए। विधेयक पारित भएसँगै देशका विभिन्न न्यायाधिकरण हरूको नियुक्ति, सेवा सर्त र सञ्चालन प्रक्रियामा व्यापक सुधार आउने विश्वास लिइएको छ।

विधेयकको मुख्य विन्दु एक स्वतन्त्र 'राष्ट्रिय न्यायाधिकरण आयोग'को गठन गर्नु रहेको छ, जसको अध्यक्ष सर्वोच्च अदालतका पूर्व न्यायाधीश वा उच्च अदालतका पूर्व मुख्य न्यायाधीश रहने व्यवस्था गरिएको छ। विभिन्न न्यायाधिकरणका अध्यक्ष तथा सदस्यहरूको योग्यता, नियुक्ति र सेवा सर्तहरूमा पारदर्शिता, स्वतन्त्रता र एकरूपता ल्याउन यो कानुन ल्याइएको हो। मन्त्री मेघवालका अनुसार न्यायाधिकरणहरूको उद्देश्य अदालतलाई विस्थापित गर्नु नभई आधुनिक शासन व्यवस्थामा छिटो र प्रभावकारी न्याय सम्पादनका लागि परिपूरक संस्थाका रूपमा काम गर्नु हो।

Meghwal

3) विद्यार्थी आन्दोलनबारे संसद्मा विस्तृत छलफल गर्न सरकार तयार : किरेन रिजिजु

केन्द्रीय संसदीय मामिला मन्त्री किरेन रिजिजुले विद्यार्थीहरूको विरोध प्रदर्शन र त्यससँग सम्बन्धित विषयहरूमा सरकार संसद्मा विस्तृत छलफल गर्न पूर्ण रूपमा तयार रहेको बताउनुभएको छ।

संसद् भवन परिसरमा आज सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै मन्त्री रिजिजुले गृहमन्त्री अमित शाहले हरेक प्रश्न र मुद्दाको जवाफ दिने स्पष्ट पार्नुभयो। देशका नागरिकलाई सबै सत्यतथ्य थाहा

पाउने अधिकार रहेको उल्लेख गर्दै उहाँले सरकार कहिल्यै पनि संसदीय बहस र छलफलबाट पछि नहटेको दाबी गर्नुभयो। गृहमन्त्री अमित शाहले विद्यार्थी आन्दोलनका विषयमा आफ्नो वक्तव्य दिन सकून् भन्नका लागि मन्त्री रिजिजुले विपक्षी दलहरूलाई सदनमा अनुशासन कायम राख्न, नाराबाजी नगर्न र सदनको कारबाही सुचारु रूपमा सञ्चालन हुन दिन अपिल गर्नुभएको छ। byte : Kiren Rijiju (0.32)

<u>झारखण्डमा परीक्षा धाँधलीविरुद्ध विद्यार्थी आन्दोलन चर्कियो विद्यार्थी द्वारा विधानसभा घेराउको प्रयास</u>

झारखण्डमा विभिन्न नियुक्ति परीक्षाहरूमा भएको भनिएको धाँधली र अनियमितताको विरोधमा विद्यार्थीहरूको आन्दोलन आज १७ औँ दिनमा प्रवेश गरेको छ। 'JPSC-JSSC Reforms Manch को नेतृत्वमा हजारौँ परीक्षार्थीहरूले जयपाल सिंह मुन्डा स्टेडियमबाट विधानसभा घेराउका लागि पदयात्रा सुरु गरेका थिए । आन्दोलनलाई ध्यानमा राख्दै प्रहरीले कडा सुरक्षा प्रबन्ध व्यवस्था गरेको छ ।

प्रदर्शनकारीहरूले आज पुराना विधानसभा नजिकै राखिएका सुरक्षा ब्यारिकेडहरू तोड्दै अन्तिम ब्यारिकेडसम्म पुगेपछि स्थिति तनावपूर्ण बनेको थियो। स्थिति नियन्त्रणमा लिन प्रहरीले पानीको फोहोरा प्रयोग गर्यो । झारखण्ड लोक सेवा आयोग का तीनै जना सदस्यहरूले राजीनामा दिएका छन् भने प्रवर्तन निर्देशनालयले पनि यस प्रकरणमा मुद्दा दर्ता गरी अनुसन्धान सुरु गरेको छ। सरकारले ९८ प्रतिशत माग पूरा भइसकेको दाबी गरे तापनि आन्दोलनकारीहरू भने जेएसएससी-सीजीएल (JSSC-CGL) परीक्षा रद्द गरि सिबिआईद्वारा छानबिनको, मुख्य मागमा अडिग रहेका छन्।

<u>गृह मन्त्री अमित शाहद्वारा: 'हर घर तिरङ्गा' अभियानमा अपिल</u>

केन्द्रीय गृह मन्त्री अमित शाहले 'हर घर तिरङ्गा' अभियान राष्ट्रको सामूहिक शक्तिको प्रतीक भएको बताउँदै यसले नागरिकहरूलाई विकसित भारत निर्माणको लक्ष्यमा एकजुट गराउने उल्लेख गर्नुभएको छ। सामाजिक सञ्जालमा एक सन्देश जारी गर्दै गृहमन्त्री शाहले यस वर्ष 'वन्दे मातरम्' को १५०औँ वर्षगाँठ परेकाले यो अभियान प्रत्येक देशभक्तका लागि अझ भावुक र हृदयस्पर्शी बनेको

बताउनुभयो। उहाँले आम नागरिकहरूलाई तिरङ्गा यात्रा, अभियानमा सक्रियताका साथ सहभागी हुन अपिल गर्नुभएको छ।

देशभर आजदेखि हर घर तिरंगा यात्रा पर्वका रुपमा पालना गरिदैछ, मणिपुरमा प्रहरी विभागद्वारा आयोजित 'हर घर तिरङ्गा' अभियान अन्तर्गत राष्ट्रिय एकता र देशभक्तिको भावना प्रवर्द्धन गर्ने उद्देश्यले विशाल बाइक र्‍यालीको आयोजना गरिएको छ। कार्यक्रममा मुख्यमन्त्री वाई. के. सिंहले शुभारम्भ पनि र्‍याललीमा सहभागिता जनाउनुभयो । यसैगरी केन्द्रीय सञ्चार ब्यूरो तथा पत्र सूचना कार्यालय को संयुक्त आयोजनामा गान्तोकस्थित सर ताशी नाम्ग्याल सिनियर सेकेन्डरी स्कूलमा 'हर घर तिरङ्गा' र 'नशा मुक्त भारत' विषय दुईदिने एकीकृत मिडिया आउटरिच कार्यक्रम आजदेखि सुरु भएको छ।

कार्यक्रममा गान्तोकका SDM महेन्द्र क्षेत्री मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। विद्यार्थीहरूलाई सम्बोधन गर्दै मुख्य अतिथि क्षेत्रीले युवाहरूलाई आफ्नो अन्तरआत्मादेखि नै देशभक्तिको भावना जागृत गर्न प्रेरित गर्नुभयो।

<u>आज विश्व सिंह दिवस: प्रधानमन्त्री सन्देश</u>

आज विश्व सिंह दिवसको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले भारतमा एसियाली सिंहहरूको जनसङ्ख्यामा उल्लेख्य वृद्धि हुनाका साथै तिनीहरूको बासस्थानमा विस्तार भइरहेको बताउनुभएको छ।

केन्द्रीय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवको लेख साझा गर्दै प्रधानमन्त्री मोदीले सामुदायिक सहभागितामार्फत वन्यजन्तु संरक्षणप्रतिको सरकारको प्रतिबद्धताले विशिष्ट प्रजातिहरूलाई भावी पुस्ताका लागि जोगाइराख्न प्रेरक उदाहरण प्रस्तुत गरेको उल्लेख गर्नुभयो। मन्त्री भूपेन्द्र यादवको उक्त लेखमा सिंहहरूको २०१५ मा सिंहको सङ्ख्या ८९१ पुगेको उल्लेख गरिएको छ

चीनमा शक्तिशाली आँधी 'ताइफुन डल्फिन'

अब अन्तराष्ट्रिय प्रसंग :

यस वर्षकै शक्तिशाली मानिएको आंधी 'ताइफुन डल्फिन' चीनको पूर्वी तटीय क्षेत्रमा ठोक्किएपछि साङ्घाईसहितका क्षेत्रबाट १० लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। १५० किलोमिटर प्रतिघण्टाको गतिमा आएको यो आँधीका कारण साङ्घाईमा झन्डै १,००० उडानहरू रद्द भएका छन् भने डिसिनेल्यान्ड लगायतका मुख्य पर्यटकीय स्थलहरू बन्द गरिएका छन्। सहरी क्षेत्र जलमग्न भई व्यापारिक प्रतिष्ठानहरू डुबानमा परेका छन्। वर्तमानमा आँधी केही कमजोर भए पनि साङ्घाई, सान्दोङ र हेनानसहितका धेरै प्रान्तहरूमा अझै भारी वर्षाको चेतावनी दिइएको छ।

अब अन्तमा  यस बुलेटीनका प्रमुख समाचार हरु पुनः एक पटक

१) संसद द्वारा  'बैंकर्स बुक्स एभिडेन्स बिल, २०२६' पारित

२) लोक सभाद्वारा 'न्यायाधिकरण सुधार विधेयक २०२६'पारित

३) विद्यार्थी आन्दोलनबारे संसद्मा विस्तृत छलफल गर्न सरकार तयार संसदीय कार्य मंत्री किरेन रिजिजुको भनाइ

४)झारखण्डमा परीक्षा धाँधलीविरुद्ध विद्यार्थी आन्दोलन चर्कियो विद्यार्थी द्वारा विधानसभा घेराउको प्रयास

आकाशवाणी बाट सुन्दैहुनुहुन्थ्यो समाचार पुरा भयो